**२०७७ साल असोज ३० गते शुक्रबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको वाउन्नौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

२. (क) "खरको छाना प्रतिस्थान गर्ने सम्वन्धी कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

(ख) उक्त कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिमको समितिमा संयोजक श्री रामकृष्ण प्रजा, सदस्यहरुः श्री सिंहलाल प्रजा, श्री कर्ण कुमारी राउत, श्री कुल बहादुर प्रजा र सदस्य सचिव पूर्वाधार विकास शाखा प्रमुख श्री शर्मिला पौडेल रहने ।

(ग) दफ १० को उपदफा (१) बमोजिमको समितिमा उपाध्यक्ष श्री निर्मला हिंम्डुङ्ग संयोजक तथा श्री सिमोन वि.क. श्री सुकमाया वि.क. सदस्य र श्री डिना हिम्डुङ्ग सदस्य सचिव रहने ।

३. "राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

४. "राक्सिरा" गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

५. गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको "आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७" माथी आगामी बैठकमा छलफल गर्ने ।

६. राक्सिराङ्ग गाउँपालिकाको भूसंरचना समेतलाई मध्येनजर गरी मन्त्रालयले पठाएको नमूना मध्येको नमूना-एक को भवन स्वीकृत गर्ने ।

७. (क) मनहरी बजारदेखि राक्सिराङ्ग गाउँपालिकाको वडा नं. ४ तथा ९ र कैलाश गाउँपालिकाको आवत जावतलाई सहज वनाउँन मनहरी खोला किनारमा सरसफाई गरेर सवारी साधन सञ्चालनयोग्य बनाउँन रिद्धिसिद्धि सिमेन्ट उद्योगलाई अनुरोध गर्ने ।

(ख) ल्याव स्थापनाको लागि आवश्यक औजार तथा उपकरणहरुका साथै केमिकल्सहरु राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, स्वास्थ्य सेवा विभाग टेकु, राष्ट्रिय क्षयरोग केन्द्र, प्रादेशिक प्रयोगशाला हेटौडा, मकवानपुरलाई उपलब्ध गराइदिन अनुरोध गर्ने ।

(ग) नजिकिदैं गरेको नेपालीहरुको महान चाड वडादशैं, दिपावली तथा छट पर्वको अवसरमा शुभकामना आदान प्रदान गर्ने ।

(घ) स्थानीय वासिन्दाबाट व्यापक रुपमा जनगुनासो आएको हुँदा बैंक अफ काठमाण्डौले प्रदान गर्दै आएको सेवालाई सरल र सहज वनाउँदै सामाजिक सुरक्षा भत्ता वडामा गएर वितरण गर्न, गाउँपालिकाका स्थानीय वासिन्दालाई नियमानुसार सरल कर्जा उपलब्ध गराउन तथा गाउँपालिकाको नाममा रहेको खाताको नियमित दैनिक मौज्दात मागेको बखत उपलब्ध गराउन बैंकलाई निर्देशन दिने । अन्यथा बैंक अफ काठमाण्डौंको विकल्प खोजी गर्ने ।

(ङ) प्याङ्चे बजारमा विद्युतीकरणको कार्यक्रमलाई विस्तार तथा व्यवस्थित गर्न आगामी गाउँ सभाबाट अनुमोदन हुनेगरी चेपाङलाई विजुली कार्यक्रम शीर्षकबाट रु. २,८०,०००। उपलब्ध गराउने ।

(च) अदुवा खेतीलाई प्रवर्द्धन गर्न अदुवा खेती तालीम, उत्पादन, प्रशोधन आदि गर्न भूमि तथा कृषि सहकारी मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ, मकवानपुर
बागमती प्रदेश, नेपाल

२०७७/०७/३०
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत